## ६५औं कार्यपालिका निर्णयहरु (मिति २०८३।०१।३१)

प्रस्ताव नं.१ विपद व्यवस्थापन सम्बन्धि योजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१ टीकापुर नगरपालिकाको मिति २०८३।०१।०८ गते बसेको नगर स्तरीय विपद व्यवस्थापन समितिवाट सिफारिस भइ आएका तपसिलका आयोजना, अभिमुखीकरण,तालिम,अन्तरक्रिया तथा अनुगमन कार्यक्रम प्रकोप तथा विपद व्यवस्थापन कोषबाट संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | क्रियाकलाप | आवश्यक बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | विद्घालयमा सर्प दंश, उद्दार तथा पहिचान सम्बन्धि अभिमुखीकरण | १,५०,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| २. | विपद पुर्व तयारी तथा प्रतिकार्य योजना अदद्यावधिक | १,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ३. | विषयक्षेत्र तथा संघ संस्थासंग समन्वय तथा पुर्व तयारी बैठक | १,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ४. | विपद जोखिम क्षेत्र तथा बनको अनुगमन कार्यक्रम | २,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ५ | पुर्व सुचना सम्बन्धि संदेशमुलक सुचनाका लागि होर्डिंग बोर्ड तयारी | ५०,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ६. | घर निर्माण आचार सहिता सम्बन्धि जनचेतना मुलक कार्यक्रम | २,००,००० | भवन निर्माण तथा बस्ति व्य.र विपद व्य.शाखा | |
| ७. | विपद स्वयं सेवकलाई पुनर्ताजकी तालिम | ३,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ८. | विद्यालयमा विपद पुर्व सुचना/ चेतावनी प्रणाली सम्बन्धि अभिमुखीकरण | २,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ९. | अपाङ्गता भएकालाई विपद पुर्व सुचना/चेतावनी तथा विपद व्यवस्थापन सम्बन्धि अभिमुखीकरण | १,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| १०. | स्वास्थ्यकर्मीलाई विपद व्यवस्थापन सम्बन्धि तालिम | २,००,००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| ११. | LEOC आवास घर निर्माण | १६९०००० | योजना अनुगमन शाखा | |
| १२. | आगलागि सम्वन्धि तालिम | ५००००० | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | |
| | जम्मा रु. | ४०९०००० | | |

प्रस्ताव नं.२ द्वन्द पिडित तथा एकल महिला विकास केन्द्रको शिलालेख स्थापना सम्बन्धमा ।

निर्णय नं.२ द्वन्द पिडित तथा एकल महिला विकास केन्द्रले टीकापुर क्षेत्र भित्र उपयुक्ता स्थानमा सामुहिक परिपुरणको अवधारणा अनुसार भावी सन्तती लाई सम्झना स्वरुप शिला लेख स्थापना गर्ने सम्बन्धमा द्वण्द पिडित तथा एकल महिला विकास केन्द्रको शिलालेख स्थापना गर्न थप अध्ययन गरि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ टीकापुर वहुमुखि क्याम्पसको पत्र सम्बन्धमा ।

निर्णय नं.३ टीकापुर बहुमुखि क्याम्पसको अतिक्रमित जग्गा व्यवस्थापनको लागि टीकापुर बहुमुखि क्याम्पसबाट प्राप्त ध्यानाकर्षण सहितको व्यावस्थापन गरिदिने पत्रको सम्बन्धमा थप अध्ययन गर्ने र संघीय सरकारको भूमि व्यवस्थापनका सम्बन्धमा गर्ने निर्णय बमोजिम हुने गरी हाललाई सो प्रस्ताव यथावत राखे निर्णय गरियो ।

प्रस्ताव नं.४ योजना स्वीकृत तथा वजेट माग सम्बन्धमा ।

निर्णयनं.४आगामी आर्थिक वर्षका लागि विभिन्न योजना वजेटमा समावेश गर्न संघीय र प्रदेश सरकारलाई सिफारिस गर्ने, नगर यातायात गुरूयोजना स्वीकृत गर्ने रश्री साई कन्ट्रक्शन, टीकापुर, कैलालीको घ वर्गको निर्माण ईजाजत पत्र कार्यपालिकाबाट समर्थन हुने गरि प्रमुख प्रशासकिय अधिकृतबाट भएको नविकरण अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | आयोजनाको नाम | लागत रकम | DPR भए /नभएको |
|---|---|---|---|

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

| | | | |
|---|---|---|---|
| १.० | शहरी स्वास्थ्य प्रवद्वन तथा सिकलसेल केन्द्र | १,००,००,०००।०० | संचालन तथा फार्मेसी सम्बन्धी कार्यविधि तयार तथा सेवा संचालनमा रहेको |
| २.० | कर्णाली नदीमा तटबन्धन निर्माण | १०,००,००,०००।०० | विपल तथा बाढीको हिसाबले अति जोखिम क्षेत्र रहेको |
| ३.० | टीकापुर वृहत उद्यान पार्कको व्यवस्थापन | ५,००,००,०००।०० | DPR तयार भएको |
| ४.० | खाद्य गोदाम रोड कालोपत्रे आयोजना | १,००,००,०००।०० | जनताको माग तथा अत्याआवश्यक रहेको |
| ५.० | पुर्नविहानी चोक देखी वडा न ०१ को कार्यालय जाने बाटो | ३,००,००,०००।०० | आवतजावत गर्ने समस्या भएकोले अत्याआवश्यक रहेको |
| ६.० | ओजुवा तालको पूर्वाधार निर्माण आयोजना | १,००,००,०००।०० | DPR तयार भएको |
| ७.० | टीकापुर वृहत उद्यान पार्क जाने रोड कालोपत्रे | ५,००,००,०००।०० | आवतजावत गर्ने समस्या भएकोले अत्याआवश्यक रहेको |
| ८.० | टीकापुर नगरपालिकाको बाहिरी चक्रपथ निर्माण आयोजना | ५,००,००,०००।०० | आवतजावत गर्ने समस्या भएकोले अत्याआवश्यक रहेको र DPR तयार भएको |

प्रस्ताव नं.५ आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं.५ आर्थिक सहायता माग भई पेश हुन आएका निवेदनका सम्बन्धमा टीकापुर नगरपालिकाको आर्थिक सहायता कार्यविधि बमोजिम निम्नानुसारका व्यक्ति लाई देहाय बमोजिम रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | विवरण/व्यक्तिको नाम | रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शंकर ठकुल्ला- कुचिकार | ५०००० | अन्यसमाजिक सहायता | |
| २ | श्री ईन्द्र कुवर-टीकापुर न.पा.१ | १००००० | अन्यसमाजिक सहायता | सवारी दुर्घटना |
| ३ | श्री विवेक कुवर-टीकापुर न.पा.१ | १००००० | अन्यसमाजिक सहायता | सवारी दुर्घटना |
| ४ | श्री उजिरसिंह सुनार-लम्किचुहा न.पा.-२ | २५००० | अन्यसमाजिक सहायता | कार्यपालिका सदस्य |
| ५ | श्री राजेश डगौरा थारु | ५००० | अन्यसमाजिक सहायता | असहाय तथा गरिव |
| ६ | श्री मिना कुमारी साउद- टीकापुर न.पा.७ | १३७७११ | प्रकोप व्यवस्थापन कोष | विपद दुर्घटना |

प्रस्ताव नं.६ जिल्ला स्तरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागितामा रकम थप सम्बन्धमा ।

निर्णय नं.६ हरेक वर्ष सञ्चालन हुने जिल्ला स्तरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस नगरपालिकावाट पनि विभिन्न खेलकुद प्रतियोगितामा सहभागिताका लागि रु.३०००००।- विनियोजन भएको सन्दर्भमा रकम अपुग भई खेलकुद प्रतियोगितामा सहभागिता जनाउन समस्या उत्पन्न भएकोले जनता सँग मेयर,उपमेयर कार्यक्रम शिर्षकमा विनियोजित रु.१२,००,०००/- मध्येबाट संशोधन गरि देहाय अनुसार थप रकम विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | विवरण | विनियोजन थप रकम रु. | श्रोत | **कैफियत** |
|---|---|---|---|---|
| १ | जिल्ला स्तरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | २००००० | जनता सँग मेयर,उपमेयर कार्यक्रम | |

प्रस्ताव नं.७ वाढी तथा डुवान क्षेत्रका नागरिकका लागि आय आर्जन कार्यक्रमका लागि कार्यविधि निर्माण कार्यदल गठन सम्बन्धमा ।

निर्णय प्रमाणित ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नगरपालिका कार्यपालिका बैठक २०८१/०३/३१



CamScanner

निर्णय नं.७ यस टीकापुर नगरपालिकाको १७ औं नगरसभा बैठकबाट चालु आ.व.२०८२।०८३ का लागि स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत रहेको बाढी तथा डुवान क्षेत्रका नागरिकका लागि मागमा आधारित आय आर्जन मुलक कार्यक्रम प्रभावकारी एवं व्यवस्थित रुपमा कार्यान्वयन गर्न कार्यविधि निर्माण गर्ने र उक्त कार्यविधि निर्माणको मस्यौदा तयार गर्न तपसिल बमोजिम कार्यदल गठन गरि जिम्मेवारी दिने निर्णय गरियो । साथै स्थानीय स्वास्थ्य आपतकालिन तथा पूर्वतयारी योजना निर्माण कार्यविधि र नगर युवा परिषद ऐन को मस्यौदा निर्माण गरि आगामी कार्यपालिकामा पेश गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१.वडा नं.७ का वडा अध्यक्ष श्री यज्ञ प्रसाद न्यौपाने - संयोजक

२.कार्यपालिका सदस्य श्री रुपमति डगौरा थारु- .सदस्य

३.कानून अधिकृत श्री केशर वहादुर थापा- विषय विज्ञ सदस्य

४.विपद व्य.शा.प्र.श्री निर्मला चौधरी -सम्बन्धित क्षेत्र हेर्ने सदस्य

५.आर्थिक विकास शाखा प्रमुख श्री रञ्जु आचार्य- सदस्य सचिव

प्रस्ताव नं.८ वजार व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.८ वजार क्षेत्रमा विभिन्न चोक तथा खुला स्थानमा तयारि पोषाक तथा फलफूल बिक्री वितरण गरि रहेका व्यापरिहरुलाई व्यवस्थित गर्न टीकापुर नगरपालिका वडा नं.१ व्लक नंस्थित १.गोलघर (इन्डोर मार्केट) तथा परिसरलाई व्यवस्थित बनाइ व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९पशु हाटवजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.९ टीकापुर नगरपालिकामा रहेको पशु हाटवजार सञ्चालन तथा व्यवस्थापनका पटक पटक खूला बोलपत्र आव्हान गर्दा कोहि बोलपत्रदाताले बोलपत्र स्विकार नगरेकोले उक्त संरचना संचालनका लागि टीकापुर नगरपालिकामा जनशक्ति अभाव रहेको तथा नगरपालिकाको आम्दानी समेत गुमिरेहेको अवस्थालाई मध्यनजर गरि उक्त बजार टीकापुर नगरपालिकाको स्वामित्वमा रहने, नगरपालिकाके प्रमाणित रसिद प्रयोग गरि राजस्व रकम उठाउने व्यवस्था मिलाउन नगरपालिकाको प्रत्यक्ष निगरानीमा रहने गरी पशू हाटवजार सञ्चालन तथा व्यववस्थापनका लागि व्यक्ति, , संस्था वा समुहवाट प्रस्ताव आव्हान गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.१० गौशाला व्यवस्थापनको लागि रकम थप सम्बन्धमा ।

निर्णय नं.१० टीकापुर नगरपालिका वडा नं.५ स्थित गौशाला व्यवस्थापन कार्यका लागि १७ औ नगरसभाबाट विनियोजित रकम अपुग भई थप रकम माग भई आएकोले रु.३,००,०००/- रकमजनता सँग मेयर उपमेयर कार्यक्रममा विनियोजित रकमबाट संशोधन गरि थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं.११ अतिथि सत्कार शिर्षकको रकम कटौती तथा बाढी बिमा कार्यक्रम स्विकृत गर्नेसम्वन्धमा ।

निर्णय नं.११ क.आ.व.२०८२।०८३ का लागि अतिथि सत्कार शिर्षकमा विनियोजन भएको रु.१२०००००/-रकम कटौती गरि तपशिलका अपुग शिर्षकमा थप गर्ने निर्णय गरियो।

| क.सं. | कार्यक्रमको नाम | स्वीकृत रकम रु. | थप रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अन्य सामाजिक सहायता | १०००००० | २,००,००० | |
| २ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | २०००००० | ७,००,००० | |
| ३ | अन्य सम्पतिहरुको मर्मत सम्भार तथा संचालन खर्च | ९६०००० | १,५०,००० | |
| ४ | स्टीम एजुकेशन अभिमुखिकरण कार्यक्रम | ० | १,५०,००० | |

ख.टीकापुर नगरपालिका वडा नं.६, ७, ८ र ९ मा ५०% अनुदानमा बाढि बिमा कार्यक्रम सञ्चालन हुदै आएकोमा विपन्न समुदायको पहुंच हुन नसकेको सन्दर्भमा श्री दिगो विकास समाज, भजनीको सहयोगमा थप २५% अनुदानमा बाढि विमा कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

प्रस्ताव नं.१२ ठेक्काको म्याद थप सम्बन्धमा ।

निर्णय नं.१२ यस नगरपालिका भित्र सञ्चालनमा रहेका विभिन्न ठेक्काको म्याद थप सम्बन्धमा पेश भएका निवेदन माथि छलफल हुदा ठेक्काको म्याद थपका लागिसार्वजनिक खरिद तथा टीकापुर नगरपालिकाको खरिद कानुन बमोजिम गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१३ योजना संशोधन सम्बन्धमा ।

निर्णयनं.१३ आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.स | आयोजनाकोनाम | वडा नं | स्वीकृतरकम | संशोधितआयोजनाको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडाभित्रका विभिन्न सडकमा परेका खाल्डा खुल्डी मर्मत | १ | २,००,००० | वडा भित्रका विभिन्न सडकमा परेका खाल्डा खुल्डीमर्मत | ४,००,००० | |
| २ | दुनाटपरी तालिम तथा उद्योग संचालन व्यवस्थापन कार्यक्रम | १ | २,००,००० | | | |
| ३ | छापाखानासंचालन तालिम | १ | १,००,००० | वडा नं. १ को कार्यालय भवनमा AC सहित ढोका जडान | ४,००,००० | |
| ४ | अचारवनाउने सम्बन्धी तालिम | १ | १,००,००० | | | |
| ५ | प्रगतीशिलआ.वि.को नल्का र मर्मत सम्भारको काम | १ | १,००,००० | | | |
| ६ | सरस्वतीआ.वि.शुद्ध खानेपानी र झ्याल ढोका मर्मत सम्भारको काम | १ | १,००,००० | | | |
| ७ | ज्योतीआ.वि. को कार्पेट, खानेपानी फल्स सिलिङ्ग जडानको काम | १ | १,००,००० | वडानं. १ को कार्यालयको उत्तर तर्फको साइडमा ट्रस छाना सहित फर्स निर्माण | १,००,००० | |
| ८ | नवदिप सहकारीसंस्थाको घेरा प्रखाल | १ | १,००,००० | ब्लक नं ९ मारहेको सार्वजनिक जगगामा जेष्ठ नागारिक प्रतिक्षालय निर्माण | १,००,००० | |
| ९ | स्तनपान कक्षनिर्माण | ५ | ५०,००० | स्तनपान कक्ष निर्माण | ९२,००० | |
| | वडा कार्यालय पर्खालमा चित्र तथा पेन्टिङ्ग निर्माण | | ४२,००० | | | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नगरपालिका भित्रकाविभिन्न क्षेत्रमा भित्ते लेखन,बोटविरुवामा रङ्गरोगन तथा सेल्फि स्थान | टी न पा | ७,००,००० | टीकापुर नगरपालिकाकासामुदायविक विद्यालयमा भित्ते लेखन कार्य | ७,००,००० | |
| ११ | झुगा बसपार्क रेखाङ्कनतथा माटो पटानी | १ | २,००,००० | झुगा बसपार्क जानेबाटोमा ग्राभेल निर्माण | २,००,००० | |
| १२ | मुक्त कम्लहरी,कमैयालाई मागमा आधारित विविध कार्यक्रम | टी न पा | ७,००,००० | गौशलाको गोबरबाटविभिन्न सामाग्री उत्पादन सम्वन्धि सिपमूलक तथा आयआर्जनकमूलक कार्यक्रमसंचालन | ३,५०,००० | |
| १३ | टीकापुर ०१ स्थित दशघरुवा जाने बाटोमा पक्कि वाल सहित माटो पटानी तथा ग्राभेल | १ | ५,००,००० | टीकापुर ०१ स्थित दशघरुवा जाने बाटोमा माटो पटानी तथा ग्राभेल | ५,००,००० | |
| १४ | बादी समुदायलाई आयआर्जन कार्यक्रम | १ | १,००,००० | बादी समुदायका बालवालिकाहरुलाई शैक्षिकसामाग्री खरिद | १,००,००० | |
| १५ | टीकापुर नगरपालिकाको परिसरभित्रकोट्रस भवन निर्माण | १ | ५,००,००० | टीकापुर नगरपालिकाको परिसर भित्रकोट्रस भवन मर्मत तथा निर्माण | ८,००,००० | विपद व्यवस्थापन कोष बाट ३००००० थपगर्ने |
| १६ | जमरा कुलोको दायां बायां बेल्ट सहित शौन्दर्यकरण कार्य | १ | २०,००,००० | टीकापुर योग आश्रममाढोक निमार्ण/मर्मत कार्य | १,००,००० | |
| | | | | वडा न ३ को विभिन्न सडकहरुमा माटो पटानी तथा ग्राभेल कार्य | ६,००,००० | |
| | | | | टीकापुर वडा न ०१ ,ब्लक न ११ भिम रावलको घर देखी १५० फिट बाटो सम्म माटोपटानी तथा ग्राभेल कार्य | ६,००,००० | |
| | | | | झुंगा शहरी स्वास्थ्य केन्द्रको शौचालयमर्मत,टीकापुर वडा न ०९ | ५०,००० | |

८६ औं कार्यपालिका बैठक २०८३/०१/३१

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल टेलिकम अफिस अगाडिको सडक संगैजोडिएको खुल्ला ठाउमा माटो पटानी तथा ग्राभेल | १,००,००० | |
| | | | | ज्योतिनगर बन्द्रैया झरनको पक्की पुल दायाबाया माटो पटानी तथा ग्राभेल | ५,५०,००० | |
| १७ | जमरापुल देखि पुर्व विसालनगर शिविर जाने बाटोमा माटो पटानी तथा ग्राभेल निर्माण | १ | ९,००,००० | वडा नं. २ स्थित सानो खोल्सा देखि संनकट्टी पुल जाने बाटोमा माटो पटानी तथा ग्राभेल कार्य | ९,००,००० | |
| १८ | पार्कमा अनलाइन रसिद काट्ने सफ्टेवयर खरिद कार्य | ५ | ५,००,००० | टीकापुर पार्कको लागि घास काट्ने पुरानो मेसिन मर्मत तथा नयामेसिन खरिद | ५,००,००० | |
| १९ | सुफत मूल्य पसल सञ्चालन | टी.न.पा. | ७,००,००० | विद्यालयमा नव निर्मित भवनहरुमा फर्निचर खरिद तथा जडान | ७,००,००० | |

नोट : पुजीगत शिर्षकमा विनियोजन भएको वजेट चालु प्रकृतिको कार्यक्रममा संशोधन गर्न नमिल्ने कानूनी व्यवस्था भएकोले सो प्रकृतिको वजेट शिर्षक तथा कार्यक्रम संशोधनवाट हटाईएको छ ।

प्रस्ताव नं.१४ कार्यक्रम तथा आयोजनामा रकम विनियोजन र रकम थप सम्बन्धमा ।

निर्णय नं.१४ अत्यावश्यक तथा रकम अपुग कार्यक्रम र आयोजनामा रकम थप गर्ने सम्बन्धमा विभिन्न शाखा,उपशाखावाट प्राप्त भएका फाइलहरुको थप अध्ययन गरि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१५ खरिद सम्झौता अन्त्य तथा भुक्तानी सम्वन्धमा ।

निर्णय नं.१५ टीकापुर नगरपालिका वडा नं. २ मा निर्माणा धिन अवस्थामा रहेको बाटोको साइड ड्रन तथा सामुदायीक खोप केन्द्र निर्माणका लागि खरिद सम्झौता भई निर्माणको क्रममा स्थानीय जनताको अवरोधका कारण निर्माण कार्य गर्न नसकेकोले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का सम्झौता अन्त्य गरी निर्माण भएको कामको रकम भुक्तानीका लागि निर्माण व्यवसायीका तर्फबाट प्राप्त निबेदनका आधारमा प्राविधिक नापजाँच तथा अनुगमन गरि भुक्तानी गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.१६ सुशासन तथा संस्थागत विकास समिति सम्बन्धमा ।

निर्णय नं.१६ यस नगरपालिकाको सुशासनतथा संस्थागतविकास समितिका संयोजक श्री राम बहादुर नगार्जी हाल कार्यवाहक नगर प्रमुखको जिम्मेवारीमा रहनु भएकोले सो समितिको संयोजकमा कार्यपालिका सदस्य श्री दिपक निसानीलाई तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.१७ टीकापुर बृहत पार्कको बनभोज स्थलमा आगन्तुक प्रतिक्षालय र शौचालय निर्माण र सञ्चालनका सम्बन्धमा।

निर्णय नं.१७ टीकापुर बृहत पार्कको बनभोज स्थलमा हाल आगन्तुकका लागि बिश्राम स्थल र शौचालयको अभाव भएको देखिएकोले घाम पानि हाव हुरीका वखत आगन्तुकलाई असहज हुने तथा खुला रूपमा शौचालय गर्नु पर्ने बाध्यतालाई मध्यनजर गरी हेर्दा पार्क नजिकको कार्णाली नदीमा बोट सञ्चालन गरिरहेको स्काई बोर्ड एडभेन्चर स्पोर्ट प्रा.लि. पोखरा-६ कासकी शाखा कार्यालय टीकापुर-५ कैलालीलाई नगरपालिको तोकेको स्थानमा खानेपानी युक्त आगन्तुक बिश्राम स्थल सहितको शौचालय निर्माण, सञ्चालन र हस्तान्तरण हुने गरी उक्त

निर्णय प्रमाणित ।

प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

कम्पनीलाई नेपालको प्रचलित कानुन अनुसार सामाजिक उत्तरदायित्व अन्तरगत अस्थायी संरचना निर्माण गर्न दिने निर्णय गरियो।

प्रस्ताव नं.१८ टीकापुर वसपार्क देखि टीकापुर पार्क सम्म सटल बस सञ्चालन सम्वन्धि अध्ययन कार्यदल गठन गर्ने सम्बन्धमा ।

निर्णय नं.१८ टिकापुर पार्कमा भ्रमण गर्न आउने आगन्तुकका लागि सहज यातायातको व्यवस्था नहुदा परेको असहजतालाई न्युनिकरण गर्न टीकापुर वसपार्क देखि टीकापुर पार्क सम्म सटल बस सञ्चालन गर्न तपसिल बमोजिमको अध्ययन कार्यदल गठन गर्ने गठन गर्ने निर्यण गरियो ।

तपसिल

१.संयोजक श्री मोहन वि.क.लुहार-वडा नं.१ का वडा अध्यक्ष

२.सदस्य श्री वलवीर चौधरी -वडा नं.५ का वडा अध्यक्ष

३.सदस्य श्री ई.राजेन्द्र रावल- योजना अनुगमन शाखा

४.सदस्य श्री देवीकृष्ण जैशी, लेखा अधिकृत – आर्थिक प्रशासन शाखा

प्रस्ताव नं.१९आगामी आ.व.को नीति, वजेट तथा कार्यक्रम र नगर सभाको कार्यतालिका सम्बन्धमा ।

निर्णयनं.१९आगामी नगरसभा अधिवेशनको तपसिल अनुसारको कार्यतालिका तयार गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**नगर सभा संचालन तथा सहजीकरण कार्यतालिका**

| क.सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व परामर्श समितिको बैठक | २०८३/०१/०८ | समितिकोसमय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिब | सम्पन्न |
| २ | बिभिन्न विषयगत समिति हरुको प्रारम्भिक संयुक्त बैठक | २०८३/०१/०९ | समितिकोसमय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिब | आवश्यकता अनुसार सम्पन्न |
| ३ | स्रोतअनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | २०८३/०१/१० | समितिकोसमय तालिका अनुसार | सम्बन्धित संयोजक र सदस्य सचिब | |
| ४ | कार्यपालिकाबैठक (बजेट सिमा निर्धारण स्वीकृत गरि सम्बन्धि सबैलाई बजेट सिलिंग) | २०८३/०१/१० | कार्यपालिकाकालागि तोकिएको समयानुसार हुने | कार्यपालिका | |
| ५ | बस्तितहका योजना छनौट | २०८३/०१/३१ | सम्वन्धितवडाको समय तालिका अनुसार | सम्बन्धित वडा समिति | |
| ६ | वडागतयोजना छनौट तथा प्राथमिकीकरण | २०८३/०२/३० | सम्वन्धितवडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ७ | बिषयगत समितिहरुको बैठक | २०८३/०२/२० | समितिकोसमय तालिका अनुसार | सम्बन्धित संयोजक र सदस्य सचिब | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका, कार्यपालिकाको कार्यालय, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | बजेटतथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८३/०३/०१ | समितिकोसमय तालिका अनुसार | सम्बन्धित संयोजक र सदस्य सचिव | |
| ९ | कार्यपालिकाबैठक (नीति बजेट तथा नीतिगत निर्णय नगर सभाका लागि सिफारिसका लागि) | २०८३/०३/०५ | कार्यपालिकाका लागि तोकिएको समयानुसार हुने | कार्यपालिका | |
| १० | नगरसभामा नीति तथा कार्यक्रम पेश | २०८३/०३/०९ | विहान ११ बजे | | |
| ११ | नगरसभामा बजेट पेश | २०८३/०३/१० | विहान ११ बजे | | |

प्रस्ताव नं.२० शिक्षा कार्यदलको प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं.२० टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण सामुदायीक विद्यालयहरुको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय पक्षको समग्र अध्ययन गरि प्रतिवेदन पेश गर्ने जिम्मेवारी पाएको अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदन थप अध्ययन गरि आगामी बैठकमा पेश गर्ने साथै टीकापुरमा आयोजना टीकापुर साहित्य सम्मेलन कार्यक्रम सञ्चालन सहयोग रु.२,५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

८७ औं कार्यपालिका बैठक २०८३/०२



CamScanner